साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३ (2013)

## साँगुरीगढी गाउँ कार्यपालिकाको मिति २०७५।११।०५ को वैठकका निर्णयहरु

१. पाँचथर जिल्ला फाल्गुनन्द गाउँपालिकाका अध्यक्ष श्री अमर कुमार नेम्बाङको मिति २०७५।१०।२५ का दिन असामयीक एवं दुखद निधन भएकोमा मृतक आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली एवं शोक सन्तप्त परिवारजन, इस्टमित्र, आफन्तजन तथा समस्त फाल्गुनन्द गाउँपालिकाबासीहरु प्रति समवेदना व्यक्त गर्ने ।

२. यस गाउँपालिका १ नं. वडा कार्यालय भवन निर्माणस्थलको टुंगो लगाउन वडा समितिलाई जिम्मेवारी दिने ।

३. यस गाउँपालिकाको चालु शैक्षिक सत्रको आधारभुत तह (कक्षा ८) को परिक्षा संचालनको लागि प्रमुख प्रशासकीय अधिकृत संयोजक, श्रोत व्यक्ति सदस्य तथा शिक्षा शाखाको प्रमुख सदस्य सचिव रहने गरि परिक्षा संचालन समिति गठन गर्ने । समितिले आवश्यकता अनुसार विज्ञहरु आमन्त्रण गरि कार्य प्रकृया अगाडि बढाउन सक्ने ।

४. यस गाउँपालिकाको लागि प्राविधिक कर्मचारीको कमी भएकोले शिक्षा तर्फको कार्यक्रमबाट कट्टा हुने कन्टिजेन्सी रकमबाट खर्च व्यहोर्ने गरि मासिक ज्यालादारीमा सब इन्जिनियर कर्मचारी २०७६ साल असार मसान्त सम्मको लागि लिइ कार्यालयले काममा लगाउने ।

५. गाउँपालिकाको अर्धवार्षिक समिक्षा मिति २०७५।११।२१ मा गर्ने ।

६. यस गाउँपालिकालाई आ.व. २०७५।७६ मा नयाँ कक्षाकोठा निर्माणको लागि प्राप्त हुने रु. ३२००,०००।०० बजेटबाट योजना संचालन गर्नको लागि ७ दिने सूचना प्रकाशित गरि विद्यालय छनौट गर्ने ।

७. भारतीय सरकारको साना विकास परियोजना अन्तरगत लाबरबोटे बुढिमोरङ डाडाबजार सडक तथा नाम्जे थुम्की गुम्बा तथा जनजाति पार्क योजनाहरुको प्रस्ताब पेश गर्ने ।

८. यस गाउँपालिका क्षेत्र भित्र पर्ने तमोर नदी, कमुवा खोला तथा आसपासका क्षेत्रबाट वातावरणीय प्रभाव नपर्ने गरि ढुंगा, गिटी, बालुवा राष्ट्रिय गौरबको मध्यपहाडी लोकमार्ग काबेली सडक निर्माणमा प्रयोग गर्ने गरि सम्बन्धित कम्पनीहरुलाई प्रदेश सरकारले तोकेको दहत्तर बहत्तर शुल्क लिइ बिक्री गर्ने साथै यस अघि बिक्री भएकोमा सोही बमोजिम अनुमोदन गर्ने ।

९. यस गाउँपालिकाको शसर्त अनुदान तर्फको खोप केन्द्र भवन निर्माणको लागि जग्गा यकिन गरि निर्णय सहित १ नं. तथा १० नं. वडा कार्यालयहरुले १५ दिन भित्र गाउँपालिका समक्ष पेश गर्ने ।

१०. यस गाउँपालिकाको चालु आ.व.को शिक्षा तर्फको सशर्त अनुदान विद्यालय भवन निर्माण ( अघिल्लो आ.व.को क्रमागत ४ कोठे भवन) को बजेट रु. ५४,००,०००।०० बाट साविकका क्रमागत योजनाहरु लक्ष्मी मा.वि. खुंडी भवन निर्माण वडा नं. ८, ग्रामिण जनता मा.वि. भवन निर्माण वडा नं. ६ तथा बराहलक्ष्मी मा.वि. भवन निर्माण वडा नं. १० लाई निरन्तरता दिइ योजना सञ्चालन गर्ने ।

११. यस गाउँपालिकाका विभिन्न वडाबाट माग भै देहायका आएका खानेपानी योजनाहरु सञ्चालन गरि सहयोग गरिदिनको लागि श्री गोर्खा वेलफेयर सर्भिस/ट्रष्ट लाई सिफारिस गर्ने ( वडा नं. ८ : खुंडीटोल खानेपानी योजना, लुखा खानेपानी योजना, सिरवानी खानेपानी योजना, राकुमटार खानेपानी योजना, दोभान खानेपानी योजना, वडा नं. ४ : वयाम खानेपानी योजना, वडा नं. १० : ताम्राङ खानेपानी योजना, धारा शिरुवारी खानेपानी योजना, घंघरु तांकेरा खानेपानी योजना, हात्तीखोर धारापानी खानेपानी योजना, वडा नं. ९ : कटहरे थाप्चुवा खानेपानी योजना, तित्रीबोटे खानेपानी योजना, किम्दाङ खानेपानी योजना)

प्रमुख प्रशासकीय अधिकृत